APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

# ‘बौलाको डायरी’ उपन्यासमा कथानकको समायोजन

**डा. शैलजा पोखरेल**
उपप्राध्यापक
पद्मकन्या बहुमुखी क्याम्पस
shailaja.pokharel@gmail.com

Received: Feb 26, 2025 Revised: May 20, 2025 Accepted: May 29, 2025

लेखसार

प्रस्तुत अध्ययन उपन्यासकार महेश्वर पन्तको ‘बौलाको डायरी’ नामक नेपाली उपन्यासको कथानकको संरचात्मक सुठगनमा केन्द्रित छ । विश्वव्यापी महामारीका रूपमा संसारभरि फैलिएको कोरोनाको पृष्ठभूमिमा डायरी वा दैनिकीको शैलीमा रचना भएको प्रस्तुत उपन्यासको कथानक सरल र सुगठित छ । उपन्यासका परिभाषाअनुसार कथावस्तु वा कथानक उपन्यासको एउटा अभिन्न तत्त्व हो । उपन्यासमा घटनाक्रमलाई कुनै निश्चित ढाँचामा बाँधेर कथानकलाई सुगठित गरिएको हुन्छ । त्यस्ता बन्धनले बाँधेर कथानकहरूलाई नौ किसिमबाट प्रस्तुत गर्न सकिन्छ । ती नौ किसिमका बन्धनमध्ये यस उपन्यासको कथानक कस्तो किसिमको बन्धनमा कसरी निर्माण गरिएको छ भन्ने समस्यामा केन्द्रित भई गरिएको प्रस्तुत अध्ययनमा कथानकको विकास प्रक्रियालाई देखाइएको छ। कथानकका स्थापित सिद्धान्तमा आधारित भएर यस उपन्यासको कथानकमा देखिएका घटनाहरूको लेखाजोखा गर्दै प्रस्तुत अध्ययनको निष्कर्षमा पुगिएको छ। तिनै सिद्धान्तमा टेकेर हेर्दा प्रस्तुत उपन्यासको कथानक सुरुआतको विन्दुमा जहाँ छ अन्त्यमा त्यही नै फेरि आई पुगेको छ । कथानक सुरुको विन्दुमा पुगेपछि उपन्यासको अन्त्य पनि भएको छ। त्यस्तो उपन्यासलाई ‘वृत्ताकार कथानक’ को वर्गमा राखिएकाले यो उपन्यासको कथानक त्यही वर्गमा पर्छ। वृत्ताकार कथानकमा पात्रको औपन्यासिक यात्रा र त्यो यात्रामा आएका छ ओटा चरणहरू प्रस्तुत उपन्यासमा स्पष्ट देख्न सकिन्छ। यस उपन्यासले त्यही अनुशासनमा रही ती छ चरण पुरा गरेको छ र यस अध्ययनमा त्यही उपन्यासको कथानकलाई यसको विकास प्रकृयाअनुसार चिरापारी चरणवद्ध गर्ने काम भएको छ ।

*शब्दकुन्जी : अवनति, उत्कर्ष, उत्थान, उत्प्रेरणा, वृत्ताकार ।*

## विषयपरिचय

प्रस्तुत अध्ययनको शीर्षक ‘*बौलाको डायरी* उपन्यासमा कथावस्तुको समायोजन’ रहेको छ। *बौलाको डायरी* (२०७८) उपन्यासकार महेश्वर पन्तको पछिल्लो नेपाली राजनीतिक परिवर्तनअघिको ‘माओवादी जनयुद्ध’को कथावस्तुमा आधारित उपन्यास हो । यस उपन्यासमा पात्रहरूको मानसिक र भावनात्मक अवस्थाको सूक्ष्म चित्रण गर्दै नेपाली समाजमा व्याप्त वर्गीय एवम् जातीय विकृति र विसङ्गतिलाई उजागर

गरिएको छ । यो उपन्यास नेपालको पहाडी गाउँले समाजको प्रतिबिम्ब हो । यहाँ लेखकले समाजका विभिन्न पक्षहरूलाई प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् । यस उपन्यासमा दैनिकीको शैलीमा घटनाक्रमहरू अघि बढेका छन् । यसको कथानक मूल पात्रको दृष्टिबाट प्रस्तुत भएको छ । तसर्थ *बौलाको डायरी* उपन्यासमा कथानको संरचना कस्तो छ ? भन्ने शोध प्रश्नमा केन्द्रित रही प्रस्तुत लेखमा यस उपन्यासको कथानकको विन्यासलाई कथानकको सिद्धान्तका आधारमा अध्ययन गरिएको छ ।

## शोधविधि

यस अध्ययनका लागि पुस्तकालयीय विधि अपनाइएको छ । यसमा शोध विषयलाई आवश्यक सामग्रीका रूपमा महेश्वर पन्तको 'बौलाको डायरी' उपन्यासको कथावस्तुलाई लिइएको छ र त्यसलाई विश्व साहित्यमा पाइने कथानकका सिद्धान्तहरूका आधारमा विश्लेषण र समीक्षा गर्दै निष्कर्षमा पुगिएको छ ।

## सैद्धान्तिक पर्याधार

उपन्यासको कथानकले उपन्यासको मुख्य विषयवस्तु र घटनाहरूलाई समेट्छ । यसले गर्दा पाठकलाई कथा बुझेको महसुस हुन्छ । नेपाली शब्दकोशमा धेरै अध्याय वा खण्डमा लेखिने लामो साहित्यिक कथालाई उपन्यास भनिएको छ । यसमा उपन्यास सिद्धान्त भनेर कथावस्तु, चरित्र, संवाद, परिवेश, भाषाशैली, उद्देश्य, दृष्टिविन्दु आदि उपन्यासतत्त्व समावेश गरी उपन्यास रचना गर्ने सिद्धान्त तथा यिनै उपन्यास तत्त्वका आधारमा उपन्यास विश्लेषण गरिने सिद्धान्त भनी परिभाषित गरिएको छ ( उप्रेती, २०७९, पृ. २३०) । उपन्यासकारहरूले औपन्यासिक घटनाहरू र आफ्ना विचार सम्मिलित रूपमा प्रकट गर्ने सूत्रात्मक ढाँचा-विशेष नै कथावस्तु हो । यो औपन्यासिक शरीर निर्माणका लागि अनिवार्य र महत्वपूर्ण बीज हो (त्रिपाठी, सन् १९७३, पृ. ३७१) । उपन्यास जीवनको वैयक्तिक र प्रत्यक्ष प्रतिबिम्ब हो । मानवजीवन र मानवका भावना, विचार र कार्यहरूको प्राय: जटिल वस्तु वा घटनाहरू समावेश भएको काल्पनिक गद्यात्मक विवरण उपन्यास हो । उपन्यास लामो काल्पनिक कथाका रूपमा भए तापनि औपन्यासिक कथावस्तुमा वास्तविक जीवनको प्रतिनिधित्व गर्ने पात्र र कार्यको चित्रण हुन्छ (दाहाल, २०५५, पृ. १३९) । एउटा विशाल परिवेश बोक्न सक्ने घटनाको छनोट गरेर त्यसलाई आन्तरिक तारतम्य वा कार्यकारण शृङ्खलाका आधारमा विकसित गर्दै गएर प्रभावकारी निष्कर्षमा पुग्नु उपन्यासको संरचनात्मक चिनारी हो । मानिसको वास्तविक वा काल्पनिक जीवनको प्रतिनिधित्व गर्ने कथावस्तु वा घटनाको शृङ्खलाबद्ध समायोजन उपन्यासमा हुन्छ । तसर्थ उपन्यासमा कथावस्तु महत्त्वपूर्ण तत्त्व हो भन्ने मान्यता विद्वान्हरूका परिभाषामा देखिन्छ ।

उपन्यासमा मूल घटनालाई प्रभावकारी, आकर्षक र कौतुहलपूर्ण बनाउनका लागि तत्त्वहरूको आन्तरिक व्यवस्थापन अनिवार्य मानिन्छ । उपन्यासभित्रको घटनाको उपयुक्त विन्यास वा व्यवस्थापनलाई कथानक भनिन्छ । कथावस्तुलाई अगाडि बढाउनका लागि आन्तरिक रूपमा कार्यकारण शृङ्खला निर्माण गर्नु अनिवार्य मानिन्छ । उपन्यासमा एउटा घटनाले अर्को घटना जन्माउँछ र त्यसले फेरि अर्को घटना जन्माउँछ । उपन्यासको संरचना एउटा सिक्रीको जस्तै वा मालाको जस्तै हुने गर्दछ । यो घटना नभएको भए यो हुने थिएन । यसका कारण यस्तो भयो, यस्तो हुनाले फेरि यस्तो भयो भन्ने पाठकका मनमा

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

लागिरहनु नै कार्यकारण शृङ्खलाको प्रभाव हो । यसले उपन्यासको अन्त्य सुखान्त वा दुःखान्त बनाउनलाई सहयोग पुऱ्याउनुका साथै कथानकलाई जीवन्त बनाउँछ ।

कथाको संरचना, मुख्य विषयवस्तु र घटनाक्रमलाई फरक-फरक तरिकाले प्रस्तुत गर्ने कथानक नौ किसिमका (रेखात्मक, वृताकार, धारावाहिक, अन्तर्निहित, जेलिएको, पुनरावृत्त, भङ्गक्रम, खोजपूर्ण र रहस्यपूर्ण) हुन्छन् (त्रिपाठी, सन् १९७३, पृ. ३७१) । विभिन्न किसिमका कथानकहरूले साहित्यमा विविधता ल्याउँछन् । यिनले पाठकहरूमा फरक किसिमले प्रभाव पार्छन् । वृत्ताकार कथानकमा कथा जुन विन्दुबाट सुरु हुन्छ र अन्त्यमा फेरि सुरु भएको बिन्दुमा नै पुग्छ । पात्र वा घटनाहरू घुमिफिरी आउँछन् । कथाकार कथानकलाई कथा वा कथा शृङ्खला भन्ने पनि सकिन्छ, जहाँ घटनाहरूले एक चक्र पूरा गर्छन् र अन्त्यमा प्रारम्भिक बिन्दुमा फर्कन्छन् । यस किसिमको संरचना प्रभावकारी हुन्छ, किनभने यसले पात्रहरूको यात्रा र विकासलाई पूरै चक्रका रूपमा प्रस्तुत गर्छ । कथानकको पनि आफ्नै नियम हुन्छ र यस्ता कथानकहरूको विकास, छ चरण (क.परिचय वा प्रारम्भिक स्थिति, ख.उत्प्रेरणा, ग.विकास, घ.उत्कर्ष, ङ.अवनति र च.अन्त्य)मा हुने गर्छ (बेल, सन् २०१२, पृ. २८) । यसरी कथानक विकासका यी विभिन्न चरणका आधारमा कथानकको विश्लेषण गर्न सकिन्छ ।

## ‘बौलाको डायरी’ कथामा कथावस्तुको समायोजनको विश्लेषण

‘बौलाको डायरी’ कथानकले ‘परिचय वा प्रारम्भिक स्थिति’, ‘उत्प्रेरणा’, ‘उत्थान’, ‘उत्कर्ष, ‘अन्विति’ तथा ‘अन्त्य’ गरी विभिन्न छ चरण पार गरेर कथानकमा पूर्णता ल्याएको छ । ती चरणहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### परिचय वा प्रारम्भिक स्थिति

प्रारम्भमा पात्रहरूको सुरूको अवस्था, प्रारम्भिक जीवन स्थिति र पृष्ठभूमि प्रस्तुत भएको हुन्छ । प्रस्तुत उपन्यास ‘बौलाको डायरी’ म पात्रबाट सुरू भएको छ । उ मूल पात्र नभएर डायरीको पाठकका रूपमा प्रस्तुत भएको छ र उसले उपन्यासमा डायरीको रूपमा पाएको लेखोट जसताको तस्तै पढेर पाठकलाई सुनाउँदै छ । तसर्थ उ  उपन्यासको प्रस्तुतकर्ता अझ भनौं उद्घोषक हो । उ पत्रकार हो भन्ने बुझिन्छ । उपन्यासको सुरुमै भूमिकास्वरूप उसले आफ्नो विवरण प्रस्तुत गर्दा ‘दिनभरी कोरोना रिपोर्टिङले‘.’ भन्ने वाक्य दिएको छ । कोरोनाको परिवेश, लामो लकडाउन अर्थात् संसार बन्दको परिवेशमा कथानकको सुरुआत भएको छ । बन्दका अवस्थामा पनि पत्रकार भने कोरोना र वस्तु परिस्थितिको समाचार दिन अहोरात्र खटिन भने छोडेका थिएनन् । त्यही परिस्थितिबाट उपन्यासको परिचय भएको छ । भिडियो क्यामरा लिएर समाचार बटुल्ने क्रममा उपन्यासकारको भेट एउटा बौला (बौलाहा) सँग भएको छ । उसको भिडियो क्यामरा वरिपरि घुमेका बेलामा क्यामरामा एउटा व्यक्ति एक्लै बोलिराखेको देखिन्छ । उसले बोलेको पुरै बुझिँदैन र बुझिएको भनिएका शब्दहरू ‘क्रान्ति, हत्या, सफल भएको छ, कामरेड, गौरी छोरी, सङ्घर्ष, सर्वसत्तावाद, भारत, चीन, भोक आदि’ ले उसको कथाको बाटोलाई डोर्याएको छ । उपन्यासकारले यी शब्दहरूबाट उपन्यासका मूल पाटाहरूको परिचय दिएका छन् र यिनै शब्दहरूमा उसको जीवन कथाका सबै आशा र सङ्घर्ष आएका छन् । उसका वाक्यहरूले उसको दुखद कथानकको गाथा बोकेका छन् ।

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

"गौरी आउ न । कति रिसाउँचेऊ ? छोरी लिएर आऊ न । आमा नि मसँ रिसा'र गइन् । कता गइन् कता । आऊ न गौरी । यी मसँ कति खानी-कुरो छ । हेर त, छोरीलाई खेलौना ल्या'को छु" (पृ. ७) । यी वाक्यहरूले गौरी उसको जीवनको सबैभन्दा नजिककी मान्छे हो र उसलाई खानाको अभाव छ भन्ने देखाउँछन् । उसकी छोरी पनि छ वा थिई, छोरीको नाम लिएपछि गौरी खानाको कमी भएका कारण उसकी छोरी लिएर कतै गएकी छे भन्ने बुझिन्छ । छोरीलाई ल्याएको खेलौनाले उसकी छोरी पनि अभावमा हुर्केकी छे, बाबुले सोचेजस्तो जीवन दिन नसकिराखेका बेला गौरी उसलाई छोरीसहित छोडेर कतै गएकी छे भन्ने बुझाउँछ । आमा नि मसँ रिसा'र गइन् भन्ने वाक्यले ऊसँग उसका आफ्ना रिसाएर कतै गएकाले अहिले ऊ पुरै एक्लो रहेछ भन्ने संकेत गर्छ । उपन्यासको कथानक अन्त्यबाट सुरु भएर परिचय खण्डमा आएको छ । उपन्यासकारले एउटा डायरी फेला पार्छन् र त्यही भेटिएको मोटो कालो डायरीमा लेखिएको नाम 'तेजबहादुर थापा' र उसलाई अस्पतालमा राखेपछि सोधिएको प्रश्नले बौलाहा रहेछ भन्ने कुरा खुल्छ । तब मात्र कथावस्तु सुरुआततर्फ लाग्छ । त्यसपछि कथाकार डायरीको पहिलो पाना पल्टाउन थाल्छन् । पहिलो परिच्छेद बिना शीर्षक दिइएको छ भने दोस्रो परिच्छेददेखि शीर्षकले मूल पात्र तेजबहादुरको परिचय खोल्ने काम गरेका छन् ।

गाउँमा गरिने काममा सिपालु बालक तेजबहादुर उपन्यासको मूलपात्र हो । एउटा सामान्य गरिव परिवारमा जन्मेको यो पात्रका बाबु-आमा खेतबारी त्यति नभएका 'तीन मास खेती गर्यो खानी तीन मैना । कहरी धान्नी हो ? एउटा भ'को बतिलो पढाउन नसके क्यार्नी हो ? ऐ राऔँ पालेर बस्नी हो सधैँ ( पृ. १३) । तेजबहादुरको पारिवारिक अवस्था प्रस्तुत वाक्यमा वर्णन गरिएको छ । यो परिवार आपसी माया, आफनो जिम्मेवारीले परिपूर्ण छ र नेपालको पश्चिमाञ्चल क्षेत्रको गण्डक क्षेत्रको कुनै गाउँको निम्न वर्गीय समाजको उ प्रतिनिधि हो । उ परिवारको आशाको केन्द्र हो । उनीहरूहरूको सपना वा चाहना सामान्य छ । सामान्य जीवन बाँच्ने रहर बोकेको तेजबहादुरको पुरै सपना उपन्यासको बाल-खेल खण्डमा प्रस्तुत आदर्श जिन्दगीको रूपमा देखिन्छ । "हामी जिन्दगीको खेल खेल्थ्यौँ ".. सुखी जिन्दगीजस्तै एउटा नाटक" (पृ. २१) । यी वाक्यहरूमा दिइएको विवरणले उपन्यासको कथावस्तु कुन दिशामा जाँदैछ भन्ने कुराको सङ्केत गरेको छ । जिन्दगीको बाल खेलमा नेपाली गाउँले सुखी र साधारण जीवनका हरेक पाटाहरूको यहाँ सामान्य तर वास्तविक विवरण छ । बालखेल खेल्दाखेल्दै शारीरिक र मानसिक रूपमा जवान भएको महसुस गराउने मिठु दिदी र जुना दिदी उसको जिन्दगीमा एउटा परिवर्तनको सङ्केत लिएर आएका छन् ।

उत्प्रेरणा

उत्प्रेरणाको चरणमा यस्तो कथामा त्यस्तो घटना घट्छ जसले कथामा मुख्य सङ्घर्षतर्फ उन्मुख गराउँछ र पात्रहरूको जीवनमा परिवर्तन ल्याउँछ । कथामा कुनै समस्या वा द्वन्द्व उत्पन्न हुन्छ जसले पात्रहरूलाई चुनौती दिने काम गर्छ । बालखेलका क्रममा उसको माया बसेको पात्रका रूपमा मिठु आएकी छ । मिठुलाई अनजान व्यक्तिले गरेको दुर्व्यवहारको साक्षी बस्नु परेको दुर्घटना उसलाई बालककालमै हुर्किने प्रेरणा दिएर गयो र उमेर नपुग्दै उसले शारीरिक आकर्षणका कुरा बुझ्यो । यहाँ उसको एउटा व्यक्तित्व प्रस्तुत भएको छ । जसले तेजतबहादुरलाई सामन्ती समाज बुझ्न र जिम्मेवारी बुझ्न सघाउ पुर्याएको छ । त्यसपछि तेजबहादुरको जीवनमा विद्यालय भर्ना भएपछि अझै चुनौतीहरू आई

लागेका छन् । उ दुई क्लास पुग्ने बेला विद्यालय भर्ना भयो । आठ कक्षा पढ्दा परेको पानीले भत्काएको विद्यालयको परखालले किचेर उसकी स्कुले प्रेमिका मेघाको मृत्युको घटनाले पिर्यो । स्कुलमा प्रथम भएपछि मानिसको भनाइ डाक्टर हुन्छ वा इन्जिनियर हुन्छ । पढाउने मास्टर पनि त्यही भन्थे । "तर डाक्टर वा इन्जिनियरको सपना देखेर मात्र कसरी पुग्थ्यो र? "..ऐया- आत्थु पनि भन्न पाउन थिएन" (पृ. ५६) । घरमा कसैलाई केही भैहालेमा त्यसको उपचार पनि गर्न सक्ने अवस्था थिएन । अर्थात् अवस्था सोचेजस्तो हुनसक्ने थिएन ।

उसका जिजुबाजेले २००७ सालको जनक्रान्तिका मुक्तिसेनामा भाग लिएका, उसका बा नेपाली काङ्ग्रेस मान्ने थिए । अर्थात्, राजनीतिक वातावरण वा राजनीतिको पहुँच गाउँमा घरघरै थियो । तनहुँदेखि स्याङ्जा, बाग्लुङ, पर्वतसम्म पश्चिम चार नम्बर अर्थात् तेजबहादुरको गाउँमा सबै जनालाई नेता बन्ने रहर थियो । हुन त नेपालमा २०४६ सालको परिवर्तन पछाडि नेपालका हरेक गाउँसहरमा पार्टीको लहर र बाँडफाड व्यापक थियो । नेताको समर्थनमा जनता नै नेता भए भने, असल नेता रोज्ने चलन हराउँछ भन्ने चलन पनि थियो । सिद्धान्त जानेर भन्दा एककिसिमको जात वा धर्मजस्तो थियो भन्ने बुझिन्छ । त्यसैले त्यो समाजमा राजनीतिक दल परिवर्तन गर्न मिल्दैन भन्ने मान्यता थियो ।

यो पात्र नौ कक्षामा पढ्दा नै गाउँ गाउँमा शिक्षकहरू मार्क्सवाद, लेनिनवाद र जनताको साम्यवादका सिद्धान्त विद्यार्थीलाई विद्यालयमा सुटुक्क पढ्न दिने गर्थे । उपन्यासको समाजमा देखाइएअनुसार गाउँगाउँमा शिक्षक राजनीतिक परिवर्तनका लागि विद्यार्थीलाई प्रभावित गर्ने क्रममा तेजबहादुर "साम्यवादपछि समाजवाद आउँछ" भन्ने मान्यताबाट प्रभावित हुन्छ । नेपाली राजनीतिक इतिहासमा त्यस समयमा पश्चिम पहाडमा माओवादी कार्यकर्ता जन्मने समय थियो । शिक्षक सबैभन्दा जान्ने व्यक्ति मानिने गाउँमा उनीहरूको कुरा सुन्ने र घरमा पढेलेखेका अरु कोही नभएका परिवारमा युवाहरूमा गुरुहरूले भनेझैँ देशमा आमूल परिवर्तनको लागि क्रान्ति गर्नैपर्छ भन्ने सोच थियो । त्यही सोचबाट तेजबहादुर प्रभावित भयो ।

यस चरणमा तेजबहादुरको बालपन सकियो । उसका चाहाना बालखेलबाट हुर्केर डाक्टर इन्जिनयर हुन थाले । त्यसका लागि खर्चको सोच आफ्नो परिवारले पुर्याउन नसक्ने उसले बुझ्यो । यसै चरणमा उसले विद्यालयका शिक्षकबाट विद्यालयमा अतिरिक्त ज्ञानका रूपमा मार्कस्वादी दर्शनको ज्ञान लियो । काङ्ग्रेस बाबुका घरमा जन्मेर त्यही परिवारमा हुर्केको तेजबहादुरको सोचमा कम्युनिस्ट पस्यो । यो चरणमा आएकी मेधा उसको पहिलो सहयात्री हो भने मेधाको मृत्युदेखि तेजबहादुरको विद्यालयको पढाइ सकेर सदमुकाम नजाउन्जेलको समय यस चरणमा पर्छ । यस चरणमा उसले पिताको दर्शनलाई छोडेर गुरुको दर्शनलाई रोज्छ । गुरुको ज्ञानका रूपमा पाएको मार्क्सवाद लेनिनवाद सङ्घर्षका रूपमा उसको जीवनमा भित्रिन्छ । डाक्टर बनोस् भन्ने उसका बाबुको इच्छाका लागि प्रवेश परीक्षामा स्कलरसिपमा नाम ननिस्किए पछि डाक्टर बन्ने सपना पैसाको अभावमा उसले त्याग्नु पर्यो र सदरमुकामकै कलेजमा कमर्सको पढाइ सुरु गर्यो ।

उत्थान

तेस्रो चरण कथाको प्रमुख सङ्घर्षहरू बढ्दै जाने, नयाँ चुनौतीहरू र समस्याहरू उत्पन्न हुने, र समस्या समाधानको प्रयासमा पात्रहरूले यो चरणको सामना गर्छन् । यो सङ्घर्ष र कठिनाइहरू युक्त चरण

हो । समस्या समाधानको प्रयासमा पात्रहरूले यस्ता चरणहरूको सामना गर्छन् । यस चरणमा विभिन्न संघर्ष र कठिनाइहरू समावेश हुन्छन् । यस चरणमा तेजबजादुर सदरमुकाम बसेर अध्ययन गर्न थाल्यो । सदरमुकाम बसेर पढ्दा उसले एउटा होटलको कोठा भाडामा लियो । यस समयमा उसले जानी बुझिकन लगाएको पहिलो माया प्रेमका रूपमा सुमित्राको प्रवेश भयो । यो चरणमा एकातिर उसमा आफु बसेका घरकी छोरी सुमित्रासँग प्रेम पनि झागिँदै गयो भने अर्कातिर माओवादी सिद्धान्त र सोच व्यवहारमा लागु हुँदै गयो । अर्थात् उ प्रेमीसँगै माओवादी कार्यकर्ता पनि बन्यो “विद्रोही कम्युनिस्टका गोप्य भेलामा भाग लिएँ” । “यिनीहरू सत्ता-लोलुपताबाट टाढा, जनताको उद्धारमा लागेका मान्छे थिए” - पृ. ६३) अर्थात् राजनीतिक जीवनको सुरू लुकीछिपी हुन थालेको अवस्था देखिन्छ उसको ।

पढाइ सँगसँगै माओवादी सिद्धान्तबाट नजिक हुँदै कार्यक्रममा भाग लिन थालेपछि त्यही गाउँमा ‘माओवादी जनयुद्ध’ को विद्रोही अभियान सुरु भएको र यदाकदा पुलिसको दृष्टिमा तेजबजादुर विद्रोही भनेर चिनियो । छिमेकी किसानको वीभत्स मृत्यु, गोठ सकिने गरीको प्राकृतिक प्रकोप आदिले उसलाई आमूल परिवर्तनको सोच जगायो र माओवादी कार्यकर्ता नै हुन प्रेरित गरायो । आन्दोलित मनसँगै बसेको प्रेम र उसँग जीवन बिताउने सपना सँगसँगै चलेका बेला भएको उसकी प्रेमिका सुमित्राको बलत्कारपछिको हत्याको घटनाले तेजबहादुरको जीवनमा सङ्कटको घेरा हाल्यो र सपना चकनाचुर पार्यो । त्यो ठुलो पिडाको समाचार दिने पुलिसले उसैलाई प्रेमिकाको हत्याको आरोपमा पक्डियो र तेजबहादुरलाई ज्यानमाराको आरोपमा कैदी बनायो । यो उसको जीवनको विकसित मोड हो । जेलमा एकातिर प्रेमिकाको हत्यारा सत्ता पक्ष अर्थात् राजनीतिक रूपले विरोधी अनि शक्ति सम्पन्न गुण्डाद्वारा भएको वीभत्स हत्याको पीडा र अर्कातिर जीवन सँगैसँगै बिताउने सपना देखेको उसै सुमित्राको हत्याको आरोपका बिच जागेको जीवनप्रतिको केही झिनो सकारात्मक सोच अनि उसका मन र जीवनका उथलपुथलबिच उसले आफूलाई पूर्णरूपले माओवादी युद्धमा होम्ने एउटै बाटो उसले फेला पार्यो र माओवादी मा पूर्ण समर्पित बनायो । सुमित्राका बाको पत्रबाट उनीहरूलाई उजुरी हाल्न वाध्य बनाइएको माफीनामाले पनि उसका मनको सानो कुनामा शान्ति दियो । यही घटनापछि गाउँको सिधासाधा इमान्दार, बाबुआमा र गुरुहरूलाई आदर, सम्मान गर्ने यो पात्रको जीवनको मोडमा एकमात्र माओवादी अर्थात् सरकार विरोधी आन्दोलनमा होमिने बाहेकको अर्को विकल्प रहेन । यो घटनाले उसलाई अर्को जीवनतिर लग्यो । अर्थात् कथानक अर्को मोडतिर लाग्यो ।

उत्कर्ष

चौथो चरण कथा सबैभन्दा उत्कर्षमा भाग, मुख्य संघर्षको समाधानको प्रयास र सबैभन्दा नाटकीय र चापयुक्त अवस्थाको सिर्जना हुन्छ । कथाको उच्चतम तनावको बिन्दु, मुख्य द्वन्द्वको भाग हुन्छ । कथावस्तुको मूल पाटो यस चरणमा देखिन्छ । कथा उत्कर्षमा पुग्छ; समाधानको प्रयासमा मूल सङ्घर्ष हुन्छ र सबैभन्दा नाटकीय र चापयुक्त अवस्था उत्पन्न हुन्छ । तेजबहादुरको जेल जीवनमा भेटिएका माओवादीका सर्वसाधारण प्रवक्ताहरू, त्यहाँ आवतजावत गर्ने गुरुहरूका पत्रहरूले उसलाई जेलबाट भाग्ने र माओवादी सिद्धान्तमा आवद्ध भई जनयुद्धमा होमिने बाटातिर उ लाग्नु उत्कर्ष हो । त्यसै चरणमा भएको उसको बाको मृत्युले उसलाई जेलबाट भागेर आप्नो मूल कथामा प्रवेश गर्न सघाउ पुर्‍याएको छ । नेपाली समाजमा चलिआएको तेह्रदिने कामले उसलाई जेलबाट भाग्न सहज बनायो । त्यसको प्रतिफल उसले

आफूलाई युद्धमा होमिन वाध्य बनाएको छ । त्यसबेला उसले गर्नुपरेको व्यावहरिक चुनौति र सोच "एकातिर एक्ली आमा र जेल, ...यस्तै युद्धमा लडिरहेको थिएँ (पृ. ९२)" यसरी आएका छन् ।

त्यसपछि उसको जीवन कथाले उत्तरार्धको बाटो समात्यो । बाको किरियाअन्तर्गतको तेह्रदिने कामका कारण जेलबाट बाहिर निस्केका समयमा भेट गर्न आउने व्यक्तिहरूका रूपमा आएका साथी वा युद्धका सन्देशवाहकहरू मार्फत लडाकुहरूसँग सूचनाको आदानप्रदान हुन थाल्यो । कोसेलीका रूपमा आएका सामान, फलफुलमा आएका पत्र वा सन्देशहरू र बन्दुक एउटा उसँग जेलमा नै चिनजान भएको चन्द्रप्रकाश भन्ने व्यक्ति (माओवादीको विचारक)ले पठाएको थियो । "यहाँ हाम्रो मुक्तियुद्धमा प्रवेश गर्दै हुनुहुन्छ । ... हाम्रा साथीहरूले यहाँलाई जेलमुक्त गर्नेछन् (पृ. ९४)" जहाँ स्पस्टसँग जेलबाट भाग्ने प्रपञ्च गरिएको थियो ।

त्यही पत्रमा भनिए अनुसारको कदमले उसको जेल जीवन क्रान्तिकारी जीवनमा परिणत भएको देखिन्छ । उसको जीवनको यो सबैभन्दा ठुलो फड्को थियो । जसले कथानकको उत्कर्षका रूपमा आएर तेजबहादुरको त्यसपछि आउने जीवन प्रतिफलतर्फ डोऱ्यायो । विस्तारै परिबन्धले यो पात्रको जीवन राजनीतिक अझ क्रान्तिकारी जीवनमा परिणत गर्ने काम भयो । तब उसका कार्यहरू पनि सरलतादेखि क्रुरतातर्फ उन्मुख हुँन थालेको देखिन्छ । क्रान्तिकारी सेनामा रहेर युद्ध लड्न थालेर योद्धाको जीवन बाँचेका बेला उसले दैनिक रूपमा कर्ने काम र उसका जीवनमा दैनिक आउने घटनाहरूमा भएका सरलतालाई क्रुरता र जटिलतातर्फ मोडेको पाइन्छ ।  "दिनभरि हाम्रो केही काम नहुँदो रहेछ "..मुटुमा डरको आँधी परोस् र बाँच्नेहरूको मन" (पृ. ९८) । यो जीवनमा युद्ध, योद्धा, लडाइँ, भागाभाग, लुटपाट, मारपिट, भौतिक कारबाही र युद्धसँग सम्बन्धित अनेक किसिमका कार्यमा ऊ लाग्दै गयो ।

त्यहाँ उसको नाम पनि परिवर्तन भई 'कामरेड तारा' का नामले परिचित भयो । त्यहाँ भौतिक कारबाहीको नाममा उसले आफूलाई दुखको संघारमा उभ्याउनेलाई सजाय दिन पाउने भएकाले र घर फर्किंदा फेरि 'भगौडा कैदी' भएर नगरेको पापको थप सजायँको पाउने डरले उसले एक्ली भएकी आमाको चिन्ता उसका विद्यालयका शिक्षक रवि सरको जिम्मामा छोडेर एकचित्त भई आन्दोलनमा समर्पित भयो । त्यसक्रममा उसले जीवनका शब्दकोशमा द्रोही, सुराकी, विरोधी, भौतिक कारबाहीजस्ता शब्दलाई बढी नियमितता दिन थाल्यो । त्यही नियमितताका क्रममा आफ्ना अलि खरा स्वभावका गुरु रुद्र सरलाई गिड्ने मिसन जस्तो खतरनाक काम पनि सहजै गर्ने घटनाले उसमा देखिएको क्रुरताको चरमलाई प्रदर्शन गर्छ । यतिबेला सम्ममा ऊ अझै क्रुर बन्न थालेको देखिन्छ अझ भनौं युद्धाका लागि उसको योग्यता अझै बढेको एकातिर देखिन्छ भने ज्यानमारा मुद्दाको भगुवा कैदी भएकाले उसको खोजी अझै तीव्र हुनथालेको देखन्छ । उसलाई भेटेमा प्रहरीले सोझै गोली ठोक्ने डर पनि उत्तिकै भएकाले उसलाई ठाउँ सार्न जरुरी हुन थाल्यो । उसका गुरु रवि सर र लडाइँमा उसको आवश्यक्ता देख्नेले उसलाई मध्यपश्चिम पठाए । "नक्कली श्रीमती बनाएर कामरेड टीकालाई पठाइदिए मसँग.. अरु कुरा लेख्नु छ पछि" (पृ. १०५) । डायरी पढ्नु अगाडि उसका बोलीमा आएकी गौरीलाई उसले उसको जीवन कथाको उत्तरार्धमा नै भेट्यो । जसको चिनारी उसले आफ्नो डायरीमा यसरी दिएको छ ।

सुन्दर भविष्यको खोजीमा ऊ आफ्नो गाउँबाट टाडा गयो । नक्कली स्वरूप, नक्कली श्रीमतीको सक्कली/नक्कली भ्रुणको बाबु बनेर आमा र आफ्नो ठाउँ अनि चिनेजानेको समाजभन्दा टाडाको यात्रामा

निस्किन उसलाई कर लाग्यो । परिचय नखुल्ने गरी भएको त्यो गोप्य यात्रामा उसले नयाँ ठाउँका लागि साथी भेट्यो र सुर्खेत पुग्यो । त्यहाँ बन्दुक चलाउने तालिम लिए दुबैले । त्यहाँ उसले भारत जाने, आउने, हतियार ओसार्ने केही गोप्य नाकाहरू थाहा पायो । अझ भनौँ माओवादी जनयुद्धमा भएका माओवादी र भारतबिचको गोपनीयतालाई उपन्यासकारले यहाँ जोडे ।

कथानक यस चरणमा सुर्खेतको चुनार थारू गाउँमा भएको जनयुद्धका योद्धाहरूको क्रियाकलाप र सोचको सेरोफेरोमा अलि समय डुल्यो । त्यहाँ नेताका आदर्श र कम्युनिष्ट आन्दोलनको उपलब्धीबाट उ अझै लाभान्वित भयो । नेपालको परिवेशमा जति जति पूर्वबाट पश्चिम लाग्यो त्यति भोक बढ्दो हुँदै गयो । जति दुख गरे पनि साहुलाई दिँदै ठिक्क थियो । बाहुनवादको विरोध, हिन्दु धर्मको विरोध, निरपेक्षताको माग, साम्यवादको स्थापना आदि चाहानाका साथ भएको गृहयुद्धले देश ध्वस्त भएका वेला सरकारी सेना र माओवादी सेनाका बिच अनेक झडप भएका वेला धेरै मान्छे मरे र धेरै बेपत्ता भए । तिनै बेपत्ता हुने मध्ये गौरी पनि एक थिई । “गौरीलाई माया गरिस् भन्नु होला,.. अब गौरीलाई केही नहोस् ” (पृ. १२८) । गाउन, नाच्न, नाटक खेल्न जस्ता कुरामा सिपालु, रसिली, हँसिली, रमाइली, मिजासिली अनि जीवनमा मस्तीसँग बाँच्नु पर्छ भन्ने सोच राख्ने गौरी हराएकाले उसलाई एउटी अभिभावकजस्ती साथीको अभाव महसुस हुन थाल्यो । तेजबहादुरको डायरी अनि बौलाएका बेला अर्थात् उपन्यासको सुरूआतमा उसका बोलीमा भएको गौरी नामसँगको परिचय र प्रेमको अङ्कुर यही चरणको कथानकमा पलाउँदै गरेको देखिन्छ । गौरी हराउँदाको छटपटीको आभासबाट उसको प्रेम पाठकसमक्ष पोखिएको छ ।

यस चरणमा कथानकमा योद्धाहरूको यात्रा प्युठानमा पुगेको र सत्ता चलेका बेला सत्तातर्फका सांसद उडाउने उनीहरूको उद्देश्यको जानकारी पाठकलाई दिइएको छ । त्यही क्रममा एकजना वयोवृद्ध सांसदलाई बन्धक बनाएर केही ठूला नेता छुटाउने काम उनीहरूले गरिरहेका देखिन्छन् । तर, उसले ती सांसदबाट नेपाली जनताले आन्दोलन वा अन्य कुनै पार्टीको लक्षको नामबाट धोका मात्र खाएको इतिहास सुनेपछि भने ऊ केही आसङ्कित र सचेत भएको पनि देखिन्छ । त्यही बेला नेपालमा राजनीतिक परिवर्तन हुनु र राजाले शक्ति आफ्ना हातमा लिएको समाचारले कथानकलाई अर्को मोडमा पुऱ्याएको छ ।

अवनति

पाँचौं चरण मुख्य संघर्षको समाधानपछि, कथा विस्तारै अन्त्यतिर लाग्छ, जहाँ पात्रहरूको जीवनमा आएको परिवर्तन र त्यसको प्रभाव देखाइन्छ । शिखरविन्दुपछि कथा सुस्त हुँदै जान्छ र समस्याको समाधानतर्फ लाग्छ । यहाँ प्युठानको उद्देश्य पूर्तिका लागि सत्ता चलेका बेला सत्तातर्फका सांसद उडाउने क्रममा भेटिएका वयोवृद्ध सांसदलाई बन्धक बनाएर केही ठूला नेता छुटाउने काम, ती सांसदबाट सुनेका नेपाली जनताले आन्दोलन वा अन्य कुनै पार्टीको लक्षको नामबाट हुने गरेका धोकाको इतिहास र कथा, नेपालमा त्यतिबेला भएको राजाले शक्ति आफ्ना हातमा लिएको घटना, दिल्ली संझौतापछि लडाकुहरू अन्यौलमा परेका बेला तेजबादुर पनि परेको घटनाले उपन्यासको कथानकलाई अर्को चरणमा पुऱ्याउने काम गर्यो । “चितवनको क्यान्टोनमेन्टमा पुगेर पछारिएँ.. त्योभन्दा त बरु लडाइँमै मरेको जाती” (पृ. १३३) । उसका हिसाबमा आन्दोलनको उपलब्धि बिना भएको सम्झौता र ऊ जस्ता योद्धाले पाएको धोका अनि त्यसका कारण उसमा परेको आघातले कथानकलाई अन्त्यतिरको लग्यो । त्यो घटनाले उसको जीवनमा अर्को चरणको दुख नै आइपर्‍यो । तर, यो दुख उसको स्थायी दुख हो । यो दुखले उसलाई

अन्त्यसम्म छोडेन र, यही दुखको प्रतिफलका रूपमा कथानकको दुखद अन्त्य निर्माण भयो । चितवनको यही बसाइको क्रममा गौरी भेटिई । उपन्यासको सुरूमा गौरी नाम म पात्रले उसको परिचय दिने क्रममा उसको मुखबाट उच्चारित केही शब्दमध्येको एउटा थियो । कथानकको अन्त्य फेरि त्यही नाममा गएर मिलेको छ, जुन यस किसिमको वृत्ताकार कथानकको अन्त्य पनि हो ।

गौरी अर्कापट्टिका सेनाले दिएको यातनाको मारमा परेकी थिई । तेजबहादुरले उसको खुब सेवा गर्यो, उपचार गर्यो । गौरीकै उपचारको त्यही क्रममा उ काठमाडौँ बसाइँ पनि सर्‍यो । लड्ने रहर र आफूलाई लागेको कलङ्कबाट राज्यका निमुखा वर्गलाई छुट्कारा दिलाउने उसको रहर त्यहाँ आइपुग्दा सेलाइसकेको देखिन्छ । उसको यो निर्णय वा गौरीसँगको प्रेमको बाटामा आफूलाई सुम्पिने कार्यले फेरि पनि ठुला नेताले नै फाइदा उठाएका देखिन्छन् । उपन्यासका कथामा पनि ठुला नेताजति ठुला ठाउँमा पुगे र सरकारी बाटो समाते र निमुखा वर्ग खाडलमा परे । तेजबहादुर र गौरी त्यसै लिस्टमा सामेल थिए । उनीहरूको जीवन झन कष्टमा छिरेको थियो । त्यसपछिको उसको जीवनयुद्ध काठमाडौँका सागुँरा गल्लीको सङ्घर्षतिर उन्मुख भयो ।

गौरीसँग जीवन बाँच्ने र आमालाई पनि त्यही राख्ने उसको सोचमा केही समस्याका रूपमा सामाजिक मानसिकता आउनसक्ने सम्भावना देखियो किनभने उसको (घर्ती) र गौरीको (सार्की) जातबिचको सामाजिक फरक थियो । नेपालमा मानवीय मूल्यभन्दा बढी प्रश्रय पाएको जातीयताको सिकार उसकी आमा पनि भएकाले सम्झाउन केही समय लाग्यो । तैपनि उनीहरूको जीवनयात्रा काठमाडौँको बाटामा चल्न थाल्यो । फेरि समस्या भने 'खान बस्न' जस्ता दैनिकीको पर्यो । रविसरले दिएका केही खर्चमा काम खोज्ने र अगाडि पढ्ने सोच लियो । "क्यान्टोन्मेन्टमा सैनिक समायोजनको काम सुरु हुँदै छ, ...खान-बस्नमा नै सकिन थालेको थियो" (पृ. १३८) । आफ्नै नेता माथि पुगेका थिए तर जागिर माग्दा तिनले सेना समायोजनमा पठाए ।

अब भने उसका लागि आफ्नो भन्नु राजनीति र त्यसका नेता पनि नभएको सावित भयो । काठमाडौँको बसाइ पनि त्यति सहज भएन । यहाँ उसको रवि सरको उप्रतिको मोहले फेरि केही समय थेग्यो । उसलाई तर जेलबाट भागेका कारण पैसा नदिनु र गौरीको पैसाबाट मात्र जीवन चलाउन वा गुजारा गर्न मुस्किल भयो । काठमाडौँको साँगुरो गल्लीभित्रका दुर्गन्धी घरहरू गरिब जनताका लागि पनि महँगो थियो । बाउबाजेको सम्पत्ति बेचेर ल्यायो र केही समय चलायो । उसले आफ्नै काम गर्ने सोच बनायो । त्यही क्रममा उसको चिनारी केही ठग दलाल/व्यापारीसँग भयो ।

नेपाली समाजमा युवालाई थुम्थुमाउने अर्को स्थान थियो, वैदेशिक रोजगार । तेजबहादुरको अबको समय त्यही काममा व्यतित भयो । त्यो व्यावसाय पनि विकारमुक्त थिएन । जसको फलस्वरूप कुलतमा फस्न पुग्यो र उसमा रक्सीको लत बस्यो । जीवनको सङ्घर्षले उसलाई यस चरणमा जीवनस्तर सुधार्ने देशमा बसेर केही हुँदैन भन्ने सोच दियो । आफ्नो भएजति पैसा इराक जान र त्यहाँ काम गर्ने सोचमा दलाललाई पहिल्यै बुझायो । दलालकै सङ्गतले नक्कली पासपोर्टको धन्दा गर्ने व्यक्तिको फेला पर्यो । उसको पनि सक्कली पासपोर्टमा ज्यानमारा मुद्दा भएकाले विदेश जानका लागि  नक्कली पासपोर्ट बनाउन पुग्यो । यो उसले जीवनमा गरेको वा गर्नुपरेको अर्को गलत काम थियो ।

ऊ बाबु बन्ने समाचारले आमा र गौरीलाई एकै ठाउँमा ल्याउने काम भयो भने विदेश जाने चिन्ता स्थायी रूपमा उसमा परेको थियो । छोरीको नाम 'सङ्घर्ष' उसका जीवनको अर्को नाम थियो । यतिबेला केही सानातिना काम उसले पाएको देखिन्छ तर, त्यो बाँच्पनका लागि र्याप्त देखिँदैन । आर्थिक सङ्कटबाट मुक्तिका लागि पनि बाहिर नगई नहुने देखेर ऊ एकचित्त भएर विदेशतिर लाग्यो र भारतमा पुग्यो । यहाँ उपन्यासकारले २०७६ सालको कोरोनाको समयमा भएको मानवीय पीडा दायक परिवेशमा तेजबहादुरको दुखद कथानकलाई अन्त्यमा पुऱ्याएका छन् । जीवनस्तर सुधान उसको जीवनमा विदेश जानबाहेक केही विकल्प उसले देखेन । उसका जीवनमा सफलताका लागि गरिएका प्रत्येक प्रयास असफल हुँदै गए र हरेक पाइला र निर्णय गलत नै सावित हुन पुगे । उसमा दुख जन्मदाको भाग्य रेखामा लेखेर आएझैँ एकपछि अर्को गर्दै आएका थिए । ठग व्यापारीको सङ्गतले उसलाई देश छोडेर जान बाध्य बनायो । घरमा तोते बोली भएकी छोरी, बुढी भएकी आमा र केही खुसी समेट्न थालेकी गौरी छोडेर सुरुङको बाटो भारत पस्यो । यो चरणको दुख भने उसको स्थायी समस्याका रूपमा आयो ।

अन्त्य

छैटौँ चरण कथा समाप्त हुने भाग, उत्पन्न भएका समस्याहरूको समाधान यहाँ दिइन्छ र कथा पुरा हुन्छ । पात्रहरूको जीवनमा स्थिरता आउने वा नयाँ सुरुआत हुने अवस्था देखाइन्छ । कथानकको अन्तिम भाग निष्कर्ष हो । यो चरणमा कथामा जे जति पनि समस्याहरू उत्तपन्न भएका छन् तिनीहरूको समाधान आउँछ र कथा पुरा हुन्छ । अर्थात् वृत्ताकार कथानकमा नयाँ सुरुआत हुने अवस्था देखाइन्छ । संसारमा नै सन २०२० कोरोनाको चपेटाले बन्द र सून्य भई कालो वर्ष साबित भएका बेला भारत बन्दको असर तेजबहादुरमा फेरि पर्यो । नेपाल फर्किनु पर्यो । सँगै नेपाल पस्ने जमर्को गरेका उसका साथी कोरोनाको चपेटामा परेर मरे । नेपाल पस्न २२ दिन क्वारेन्टिन बस्ता घर पुग्न अझै अबेर भयो । उसका परिवारमा खानाको सङ्कट परेको थियो । कोरोनाको चपेटामा नेपालमा पनि एउटा वर्ग नराम्रोसँग परे । त्यसैमा उसको परिवार पनि आयो । उसलाई भेट्नु अगावै फोनमा कुरा गर्दा आमा मरेको उसले सुनेको थियो र घरबेटीले निस्किन भनेको सुनेको थियो । २३ औं दिनमा कोरोना नेगेटिभको रिपोर्ट आएर काठमाडौँ फर्किन पायो । पहिला डेरामा पुग्दा त्यहाँ उसको आफ्नै होस हराएको देखिन्छ । उसले मरेकी आमा जिवितै भेट्यो र गौरी र छोरी खोज्न थाल्यो । गौरी र छोरीको अन्त्य भएको सङ्केत मात्र छ खुलस्त छैन । त्यही सङ्केतका वरिपरि तेजबहादुर बौलाहा बन्यो । भोको पेट, धेरै दिनको सङ्घर्ष, आफन्तको वियोग, जीवनको कालो भविष्य सबै कारण उसलाई बौलाउन पर्याप्त रहे ।

"युद्ध समाप्त भयो । ".. हाम्रो क्रान्ति - जिन्दावाद (पृ. २२५)" । यही क्रममा कथावस्तु फेरि सुरुमै आएर गोलाकार रूपमा जोडिन पुगेको छ । करुण रसले पूर्ण यो उपन्यासको कथावस्तुमा तेजबहादुर आफ्नो जीवनमा जताततै अरूका कारण असफल हुन पुगेको छ । परिबन्दको चपेटामा बारम्बार आउनु, उसलाई मात्र परेका दुखसँग लड्दै लड्दै सामुहिक दुखमा पुग्नु र सामुहिक दुखमा उसको अझै बढी नास हुनु जस्ता घटनाहरूले उसको कारुणिक अन्त्यमा टेवा पुर्याएको छ ।

डायरीका अन्तिम पाना र अन्तिमका हरफहरूमा तेजबहादुरको अचेतनको भाव कोरिएका थिए । डायरीका पाना सकिए पनि उपन्यासमा उपन्यासकारले फेरि त्यस डायरी विषयमा आफ्नो सोच राखेर उपन्यासको अन्त्य भएको छ । 'अन्तिम पानो' शीर्षकको त्यो पानामा उपन्यासकारले डायरी छाप्न गरेका

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

प्रयासअन्तर्गतका कुराकानी र डायरी पढेर उपन्यासकारमा जागेको विचारहरू समावेश भएका छन् । यतिबेला उपन्यासकारले कोरोना पीडित भएर भोकमरीमा परी मृत्यु वरण गर्न पुगेको तेजबहादुरलाई वीर अस्पतालमा भेटेका छन् । "एउटी आमाले छोरीसहित टुकुचापारि ...मृतकको सनाखत हुनसकेको छैन" (पृ. २२७) | उनले यहाँ डायरीमा पढेका तेजबहादुरको कथासँग मिल्दो समाचारलाई जोडेर पाठकमा जागेको 'गौरी चाहिँ कहाँ गई त !' भन्ने उत्सुकता मेट्ने प्रस्तुत वाक्य ल्याएका छन् । जसले पाठकको जिज्ञाषा मेट्ने काम गरेको छ । यसरी एउटा सुगठित संरचनामा कथानकको दुखद अन्त्य भएको छ । कथाकारले कथानकको संरचनामा मूल पात्र तेजबहादुरका जीवनमा एकोहोरो दुख र परिबन्दका घटनाहरूको समायोजन गरेर कथानकलाई कारुणिक बनाएका छन् ।

## निष्कर्ष

उपन्यासका तत्त्वहरू कथावस्तु, चरित्र, संवाद, परिवेश, भाषाशैली, उद्देश्य, दृष्टिविन्दु आदि उपन्यास तत्त्व मध्ये कथानक पनि एउटा हो । कथानक उपन्यासभित्रको घटनाको उपयुक्त विन्यास वा व्यवस्थापन हा । कथावस्तुलाई अगाडि बढाउनका लागि आन्तरिक रूपमा कार्यकारण शृङ्खला निर्माण गर्नु अनिवार्य हुन्छ । महेश्वर पन्तको *बौलाको डायरी* उपन्यासको कथानकककका घटनाहरू आपसमा सिक्री वा माला जस्तै बाँधिएर आएका छन् । प्रस्तुत उपन्यासमा अघिका घटनाले पछिल्ला घटनालाई जन्माएका छन् । कथानकमा तिनै अगिल्ला घटनाहरू पछिल्ला घटनाका प्रत्यक्ष कारक बनेको देखिन्छ । कथानकका नौ किसिम मध्ये बौलाको डायरी वृत्ताकार रूपमा कथानक निर्माण भएको उपन्यास हो । कथानक सुरू भएको विन्दुमा नै फेरि कथा पुगेपछि अन्त्य हुनु 'वृत्ताकार कथानक' को प्रवृति हो । कथानकको पहिलो चरणमा परिचय खण्डमा मूल पात्रको परिचय आएको छ । परिवेशका रूपमा आएको कोरोनाको समयले कथानकमा आउनसक्ने दुख र पीडाको आभास गराएको छ । मूल पात्रको मानसिक अवस्थाको वर्णन र जथाबजजा प्रस्तुतकर्ताले भेटेको डायरीको प्रसङ्गले कथानकलाई उपर्न्यासको शीर्षकसँग जोड्ने काम गरेको छ । डायरीका पानामा समेटिएका मूलपात्रको अबोध बाल्यकालसम्म कथानकको यो खण्डमा आएको छ । कथानकको दोस्रो चरणमा विकसित परिवेशका रूपमा मूल पात्रको डाक्टरी पढ्ने सपनाको तगारो भएर आएको आर्थिक कमजोरी र सदमुकाममा बसेर व्यवस्थापन विषय पढ्नु पर्ने वाध्यता पर्छ । यसले उसलाई राजनीतितर्फ बढी प्रोत्साहन दिने काम गरेको छ । त्यो परिवेशमा जन्मेका परम्पराभन्दा फरक राजनीतिक्रमले युवा मन तानिन्छ । तेस्रो चरणमा बसेका घरकी छोरीसँघको प्रेम र साथमा विद्यार्थी राजनीतिमा सक्रियता, प्रेमिकाको हत्या र त्यो हत्याको आरोप, उसैलाई लाग्ने, जेल पुऱ्याउने कामजस्ता घटनाले वर्तमान परिस्थितसँग आश मार्ने र नकारात्मक सोच जगाउने काम भएको छ । अर्थात् यो चरण मूल पात्र तेजबजादुरको बढी सङ्घर्षयुक्त अवस्था हो । चौथो चरण उत्कर्षमा घटनाहरू समस्याको समाधानतिर लागेको देखिन्छ । जेल जीवनमा भेटिएका राजनीतिक बाटो देखाउने पात्रहरूसँगको मेल, माबुको मृत्यु, काजक्रियाका नाममा जेलबाट भाग्ने काममा सफलता अनि राजनीतिक क्रान्तिमा होमिने कामसम्मको अवस्था यो चणमा आएको छ । पाँचौं चरणमा कथानक विस्तारै अन्त्यतिर लाग्ने क्रममा प्युठानमा सांसद सक्ने लक्षअनुसार पकडिएको एकजना वयोवृद्ध सांसदद्वारा मूलपात्रलाई युद्धसम्बन्धि ऐतिहासिक ज्ञान दिने घटना, क्रन्तिको फल प्राप्त नहुँदै भएको युद्ध अन्त्यको घोषणा, गौरीसँगको भेट, उपचार अनि पारिवारिक रूपमा एकता साथै आर्थिक अभावको ठुलो खाल्डो पुरा गर्ने चाहनाजस्ता घटनाले

कथानकको यो चरणले दुखान्तको संकेत गराएको छ । कथानकको समाप्तिका लागि सुरूमा देखिएको कोरोनाको समयको परिवेशको घटना आएको छ । भारतमा दुखद रूपमा बसेको तेजबहादुरको काठमाडौँसम्मको यात्रा, उसका घरमा आमा, गौरी र छोरीको कोरोनाले निम्त्याएको भोकमरीमा परी कारुणिक अन्त्य, काठमाडौं पुग्दा मूल पात्रले आफ्ना मान्छे नभेट्ता परेको मानसिक आघातका कारण कथानकको सुरूमा देखाइएको बौलाको अवस्था अनि उसको डायरीका पानाको अन्त्य्यसँगै कथानकको अन्त्य भएको छ । अन्त्यमा गौरीको जस्तो देखिने मृत्युको समाचार ल्याएर उपन्यासकारले सबैको दुखद मृत्यु भएको पुष्टि गर्दै पाठकका मनलाई बुझाउने काम गरिएको छ । यसरी कथानकले विभिन्न छवटा चरण पार गरेर उपन्यासको कथालाई पूर्ण गरेको छ । 'बौलाको डायरी' उपन्यासले त्यही अनुशासनमा रही ती छ चरण पुरा गरेको छ ।

## सन्दर्भ सामग्रीसूची

उप्रेती, गङ्गाप्रसाद र अन्य (२०७९), *प्रज्ञा नेपाली बृहत् शब्दकोश,* काठमाडौं : प्रज्ञा छापाखाना ।

जैन, रवीन्द्रकुमार (सन् १९७२), *उपन्यास : सिद्धान्त और संरचना;* दिल्ली : नेसनल पब्लिसिङ हाउस ।

त्रिपाठी, सरोजनी (सन् १९७३), *आधुनिक हिन्दी उपन्यासों मैं वस्तु विन्यास,* कानपुर : ग्रन्थम् ।

दाहाल, मोहनप्रसाद (२०५५), *उपन्यास : नेपाली साहित्यकोश,* (सम्पा.ईश्वर बराल तथा अन्य), नेपाल प्रज्ञाप्रतिष्ठान ।

नेपाल, देवी नेपाल (२०८१), 'उपन्यास के हो ? र कसरी लेखिन्छ ?', *साहित्यपोस्ट,* https://sahityapost.com/writing–tips/35614.

पन्त, महेश्वर (२०७८), *बौलाको डायरी,* ई प्रेस प्रा. लि.।

शर्मा, मोहनराज (२०४८), *शैली विज्ञान* (सिद्धान्त र आलोचना), काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान ।

बेल, म्याडिसन (Bell, Madison (2012). *Linear Design*, The University of New Mexico. https://www.unm.edu.